**हुप्सेकोट गाउँपालिका र नेपाल क्रेडिट एण्ड कमर्स वैंक (NCC बैंक) हुप्सेकोट शाखावीच सामाजिक सुरक्षा भत्ता वैंक मार्फत वितरण गर्ने सम्वन्धि सम्झौता पत्र ।**

सामाजिक सुरक्षा भत्तालाई वैंक खाता मार्फत उपलब्ध गराउने नेपाल सरकारको नीति बमोजिम हुप्सेकोट गाउँपालिका (यस पछि पहिलो पक्ष भनिने) र नेपाल क्रेडिट एण्ड कमर्स वैंक (NCC बैंक) हुप्सेकोट शाखा (यस पछि दोश्रो पक्ष भनिने) वीच हुप्सेकोट गाउँपालिकामा **सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्ने** प्रयोजनको लागि निम्न शर्तहरुको अधिनमा रही सम्झौता पत्रमा हस्ताक्षर गरी एक/ एक प्रति बुझिलियौं/दियौं ।

शर्तहरु

<u>पहिलो पक्षले पालना गर्नुपर्ने</u>

१. पहिलो पक्षले सामाजिक सुरक्षा भत्ता पाउने लक्षित समुह अनुसार लाभग्राहीहरुको नाम, नागरिकता प्रमाणपत्र नं., सामाजिक सुरक्षा भत्ता परिचय पत्र नं. (एम. आइ. एस. बाट आउने १३ अङ्कको संकेत नं.), ठेगाना, निजले चौमासिक पाउने रकम समेतको पुर्ण विवरण अनलाईनमा आधारित विद्युतीय माध्यमवाट बैंकलाई उपलब्ध गराउनेछ ।

२. पहिलो पक्षले प्रत्येक लाभग्राहीको नाम, लक्षीत समुह, खाता नं. र पाउने रकम खुलाई एकमुष्ट रकमको चेक (Bank Cheque) हरेक चौमासीकमा दोश्रो पक्षलाई उपलब्ध गराउनेछ ।

३. कुनै लाभग्राहीको लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पहिलो पक्षले तत्काल दोश्रो पक्षलाई उपलब्ध गराउनेछ ।

<u>दोश्रो पक्षले पालना गर्नुपर्ने</u>

४. दोश्रो पक्षले पहिलो पक्षवाट प्राप्त विवरण बमोजिम लाभग्राहीको पायक पर्ने स्थानमा गई लाभग्राहीको नाममा शुन्य मौज्दातमा सामाजिक सुरक्षा विशेष वचत खाता खोल्नेछ ।

५. दोश्रो पक्षले पाँच वर्ष मुनिका वालवालिकाको हकमा आमा वा संरक्षकवाट खाता संचालन हुने गरी वचत खाता खोलिदिने र आमा वा संरक्षकको दस्तखतवाट खाता संचालन गर्नेछ ।

६. दोश्रो पक्षले पहिलो पक्षका लाभग्राहीको खाता खोलिसकेपछि लाभग्राहीको नाम र खाता नं. पहिलो पक्षलाई यथाशिघ्र उपलब्ध गराउनेछ ।

७. पहिलो पक्षवाट प्राप्त रकम लाभग्राहीको खातामा दोश्रो पक्षले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकमको विवरण १६ दिनभित्र दोश्रो पक्षले पहिलो पक्षलाई उपलब्ध गराउनेछ ।

८. कुनै लाभग्राहीको लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी प्राप्त भएपछि दोश्रो पक्षले लगत कट्टा भएको लाभग्राहीको खातामा उक्त मिति पछिको रकम जम्मा नगरी पहिलो पक्षलाई फिर्ता पठाउनेछ ।

९. दोश्रो पक्षले निष्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनामा पहिलो पक्षलाई उपलब्ध गराउनुपर्नेछ ।

१०.एक आ.व. भित्र कत्ति पनि रकम नझिक्ने लाभग्राहीको खाता रोक्का गरी त्यसको विवरण दोश्रो पक्षले पहिलो पक्षलाई श्रावण मसान्त भित्र उपलब्ध गराउने छ । प्राप्त विवरण जाँचबुझ गरी लगत कट्टा गर्ने वा खाता पुनः सूचारु गर्ने बारे पहिलो पक्षले दोश्रो पक्षलाई १५ दिन भित्र जानकारी गराउने छ ।

११.दोश्रो पक्षले कार्यालयले पठाएको विवरणका आधारमा लाभग्राहीको खाता खोल्ने व्यवस्था गर्नेछ । लाभग्राहीको अन्य विवरण तथा प्रमाण दोस्रो पक्षलाई आवश्यक भएमा लाभग्राहीसंग माग गर्न सक्नेछ ।

१२.दोश्रो पक्षले प्रत्येक चौमासिकमा (सामाजिक सुरक्षा व्यवस्थापन कार्यविधि, २०७५) अनुसार वडाको **तोकिएको स्थानमा (लाभग्राहीको घर घरमा) गई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था गर्नेछ** । सो समयमा भत्ता प्राप्त गर्न छुट भएका लाभग्राहीको हकमा दोश्रो पक्षको शाखा कार्यालय हुप्सेकोट, झ्याल्बासबाट भत्ता रकम प्राप्त गर्ने व्यवस्था हुनेछ ।

<u>दुवै पक्षले पालना गर्नुपर्ने</u>

१३.दुवै पक्षवीच तथ्याङ्क आदानप्रदान गर्दा अनलाईनमा वा कार्यालयमा स्वयम् उपस्थित भएर मात्र गरिनेछ । यो सम्भव नभएमा केन्द्रिय पञ्जीकरण विभागसगं सम्पर्क गरी ताँहावाट प्राप्त निर्देशन अनुसार गरिनेछ।

१४. कार्य सम्पादनमा कुनै समस्या आईपरेमा दुवै पक्षको सल्लाह एवं सहमतिमा समाधान गरिनेछ । थप सहयोग लिनु परेमा केन्द्रिय पञ्जिकरण विभागको सल्लाह एवं सुझाव बमोजिम गरिनेछ ।

१५. दुबै पक्षको समहतिवाट लाभग्राहीहरुलाई सहज ढङ्गवाट रकम उपलब्ध गराउन लाभग्राहीका घर घरमा उपस्थित भई वितरण गर्ने व्यवस्था दोस्रो पक्षले गर्नुपर्नेछ ।

१६. दुबै पक्षको समहतिवाट लाभग्राहीहरुलाई सहज ढङ्गवाट रकम उपलब्ध गराउन थप प्रयासहरु गरिनेछ ।

१७. यो संझौता पत्रको अवधि आ.ब. ०७६।०७७ देखि ०७८।०७९ सम्म तीन वर्षको हुने छ ।

हुप्सेकोट गाउँपालिकाको तर्फवाट

..........................................

नामः कृष्ण सापकोटा

पदः प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७७/३/५

बैंकको तर्फवाट

..........................................

नामः गोविन्द वि.क.

पदः प्रवन्धक ( NCC Bank, हुप्सेकोट शाखा)

मितिः २०७७/३/५

साक्षीः

..........................................

नामः हेमराज काफ्ले

पदः प्रशासन अधिकृत

मितिः २०७७/३/५

साक्षीः

..........................................

नामः अनु ज्ञवाली

पदः अपरेसन इन्चार्ज

मितिः२०७७/३/५